# अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह एम.एड्.
द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन बिषयको
निर्धारित आवश्यकता परिपूर्तिको लागि
तयार पारिएको शोधपत्र

शोधकर्ता

यामनारायण प्रधान

एम.एड्. दोस्रो वर्ष

शैक्षिक वर्ष -२०६३/६४

क्याम्पस रोल्नं. -१०४

परीक्षा रोल्नं. २१४०१३२

त्रि.वि. दर्ता नं. ९-२-९-१०९६-९९

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुन्दरहरैचा, मोरङ

२०७६

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत एम.एड् द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव विद्यालयमा आधारित सुपरिवेक्षण शीर्षकमा शोध कार्य गरी तयार गरिएको शोधपत्र हो । यो शोधपत्रवाट खास गरी झापा जिल्लामा विद्यालय शिक्षा सिकाईमा सुपरिवेक्षण विषयमा चासो राख्ने सम्वन्धित निकायका अधिकारीहरू, शोधकर्ता तथा अन्य जिज्ञासु वर्गहरूलाई केही न केही पृष्ठपोषण मिल्ने आशा गरेको छु ।

यस अध्ययनको क्रममा शोधपत्र प्रस्ताव तथा अन्तर्वार्ता प्रश्नावली लगायत शोधपत्र तयार गर्ने कार्यसम्म आफ्नो व्यस्ततका बावजुत आवश्यक निर्देशन तथा सुझाव दिई शोधपत्र तयार गर्न र यसरी तयार भएको शोधपत्रलाई शोध मूल्याङ्कन समितिमा स्वीकृतिका लागि सिफारिस गरिदिनु हुने आदरणीय गुरू श्री भोजराज घिमिरे ज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । यसै गरी यस अध्ययनको क्रममा आफ्ना अमूल्य अनुभव तथा विचारहरूलाई प्रतिकृयाको रूपमा प्रश्नावलीमा व्यक्त गरिदिनु हुने सम्पूर्ण प्रधानाध्यपक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यार्थी भाई बहिनीहरूमा आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

यो अध्ययन पूरा गर्न पूर्णरूपमा सहयोग गर्नुहुने आदरणीय गुरू तथा विभागीय प्रमुख श्री केशव भट्टराई तथा श्री भोजराज घिमिरेज्यूको हौसला तथा प्रेरणा र अमूल्य सहयोगका लागि हार्दिक आभार प्रकट गर्दछु साथै कम्प्यूटरमा टङ्कन गरी सहयोग गर्नुहुने मेरा मित्र रमेश पोखेललाई सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।


शोधकर्ता

यामनारायण प्रधान

एम.एड्. द्वितीय वर्ष

# शोध सार

यस शोध अध्ययनको विषय बस्तु "अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा परेको प्रभाव" रहेको छ । यस अध्ययनमा विद्यालयको अभिभावकहरुको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा परेको प्रभाव विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । अवस्था पहिचान गर्ने, अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिका पार्ने प्रभाव सम्वन्धी समस्याहरु पत्ता लगाई निराकरणका उपायहरु सुझाउने उद्देश्यहरू रहेको छ । उक्त अध्ययनको क्रममा गाउँशिक्षा शाखा प्रमुख, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षक, विद्यार्थीहरुलाई प्रश्नावली र विद्यालय अवलोकन फारम समेत प्रयोग गरिएको छ ।

अध्ययन झापा जिल्ला कमल गाउँपलिका गाउँशिक्षा शाखा अर्न्तगत पर्ने तीनवटा आधारभुत विद्यालय र तीन वटा माद्यमिक विद्यालयहरु गरी छ वोटा विद्यालयहरुलाई नमूनाको रुपमा छनोट गरिएको छ । कमल गाउँपालिका शिक्षा शाखा अन्तर्गत तीन वटा आधारभूत विद्यालयका कक्षा ६, ७ र ८ मा पढ्ने विद्यार्थीहरु मध्ये ३ जनाका दरले २७ जना, उनीहरुका एक जना अविभावकहरु, त्यस्तै तीन वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये प्रत्येक कक्षा वाट ३ जनाका दरले १८ जना र उनीहरुको अविभावकहरु, प्रत्येक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापनका अध्यक्ष र एक शिक्षकहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिद्वारा यस अध्ययनको नमूनाको रुपमा छनोट गरिएको छ ।

अध्ययनका क्रममा कमल गाउँपालिका गाउँशिक्षा शाखा अन्तर्गत तीन वटा आधारभूत विद्यालय र तीनवटा मा.वि बाट तीन/तीन जनाको दरले विद्यार्थीका लागि प्रश्नावलीका आधारमा सूचना सङ्कलन गर्दा अभिभावकको शैक्षिक स्थितिसँग विद्यार्थीका उपलब्धि स्तर, नियमित विद्यालय उपस्थित, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सरसफाई, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय पोशाक, अनुशासन आदि विषयमा पनि सरोकार रहेको पाइयो । अभिभावकको शैक्षिक स्थितिको कारणले विद्यार्थी उपलब्धि स्तरमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले शिक्षा प्राप्त गरेका अभिभावकका बालवालिकाहरु पढाइप्रति अभिरुचि बढ्ने र निरक्षरता भएका

अभिभावकको योगदान सिकाईमा पुग्न नसक्ने भएकाले उपलब्धि स्तरमा समान रुपले वृद्धि हुन सकेको देखिदैन । अतः विद्यार्थीको उपलब्धिमा अभिभावकको शैक्षिक प्रभाव मूल्याङ्न गर्न सक्ने सोच प्रभावकारी रुपमा अभिभावकले गर्न नसकेको देखिन्छ ।

साराशंमा निष्कर्ष निकाल्दा यस कमल गाउँपालिका शिक्षा शाखा अन्तर्गत नमूनामा छनोट परेका विद्यालयहरुमा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको उपलब्धि स्तरमा परेका प्रभावमा समानता पाइएन । अभिभावकको शैक्षिक स्थिति राम्रो भएका परिवारबाट विद्यालय जाने सबै विद्यार्थीको उपलब्धि स्थिर कक्षा वृद्धिसंगसँगै सुधारात्मक रहेको र अभिभावकको शैक्षिक स्थिति कम्जोर रहेका अभिभावकका विद्यालय जाने विद्यार्थीको उपलब्धिको उपलब्धि स्तर तथा कक्षा बृद्धि संगसँगै न्यून हुदै गएको आवधिक परीक्षाफलको विश्लेषणबाट देखिन्छ भने यसको मुख्य प्राप्तिमा अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीका उपलब्धि दर बढेको पाईनु सकारत्मक र उल्लेख्य पक्ष रहेको देखिन्छ ।

## विषय सुचि


| क.स. | विषयबस्तु | पेज नं. |
|---|---|---|
| | परिच्छेद एक : परिचय | (१-८) |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ | अध्ययनको परिसीमा | ८ |
| | परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका | (१०-१९) |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ | सैद्धान्तिक खाका | १३ |
| २.३ | पुनरावलोकनको शैक्षिक उपदेयता | १५ |
| | परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया | |
| ३.१ | अध्ययनको ढाँचा | १७ |
| ३.२ | अध्ययनको जनसंख्या र नमूना छनौट विधि | १७ |
| ३.३ | तथ्याङ्क संकलनका साधनहरू | १८ |
| ३.३.१ | अन्तर्वार्ता | १८ |
| ३.३.२ | प्रश्नावली | १८ |
| ३.४ | तथ्याङ्कका स्रोतहरू | १८ |
| ३.४.१ | प्राथमिक स्रोत | १९ |
| ३.४.२ | सहायक स्रोत | १९ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १९ |

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया १९

परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या (२१-३८)

४.१ अभिभावकको शैक्षिक स्थिति २१

४.१.१ आधारभूत विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्था २१

४.१.२ माध्यमिक विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्था २३

४.२ अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव २४

४.२.१ आधारभूत विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्था अनुसार विद्यार्थीको शैक्षिक उपलब्धि २५

४.२.२ माध्यमिक विद्यालयहरुमा अभिभावकहरुको शैक्षिक अवस्था अनुसार विद्यार्थीको शैक्षिक उपलब्धि २७

४.२.३ विद्यार्थीको पढाइ प्रतिको रुचि २८

४.२.४ विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता २९

४.२.५ विद्यार्थीहरुको अनुशासनप्रति सचेतना ३०

४.३ अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएका समस्या ३१

४.३.१ विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृत नहुनु ३१

४.३.२ विद्यालयका क्रियाकलापमा अभिभावक र विद्यार्थीको न्यून उपस्थिति ३२

४.३.३ विद्यार्थीहरुले कक्षाकार्य र गृहकार्य कहिलेकाही मात्र गर्ने ३३

४.३.४ विद्यार्थीहरुमा कक्षा विचमा छोड्ने र दोहोऱ्याउँने समस्या ३३

४.४ अभिभावकको शैक्षिक स्थितिले विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु ३४

४.४.१ विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्नु ३४

४.४.२ विद्यालयका क्रियाकलापमा अभिभावक तथा विद्यार्थीहरुको सहभागिता बढाउनु पर्ने ३६

४.४.३ विद्यार्थीहरुलाई कक्षाकार्य र गृहकार्य गर्न प्रोत्साहित गर्नुपर्ने ३६

४.४.४ विद्यार्थीहरुमा कक्षा वीचमा छोड्ने र दोहोऱ्याउँने प्रवृतिको अन्त्य गर्नुपर्ने ३७

४.५ प्राप्ति र सारांश ३८

परिच्छेद पाँच : निष्कर्ष र सुझाव (४०-४१)

५.१ निष्कर्ष ४०

५.२ सुझावहरु ४१

सन्दर्भ सामग्रीहरु

अनुसूचिहरु

# तालिका सूचि

तालिका नं १ : आधारभूत विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्था २०

तालिका नं २ : माध्यमिक विद्यालयमा अभिभावकहरुको शैक्षिक अवस्था २१

तालिका नं ३ : अभिभावकहरुको शैक्षिक अवस्था अनुसार आधारभूत विद्यार्थीको शैक्षिक उपलब्धि २४

तालिका नं ४ : अभिभावकहरुको शैक्षिक अवस्था अनुसार माध्यमिक विद्यालयमा विद्यार्थीको शैक्षिक उपलब्धि २५